म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ५७ बुधबार ९ असोज २०८१ ने. सं. ११४४ त्रलागा 25 September 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडाकी रोमिया डान्स च्याम्पियनको फाइनलमा

हेटौंडा, ८ असोज/हेटौंडाकी रोमिया भट्टराई लोकप्रिय डान्सिङ रियालिटी शो 'डान्स च्याम्पियन सिजन २' को फाइनलमा पुगेकी छन् । हेटौंडा उपहानगरपालिका-८, श्रमिकटोल निवासी रोमिया सिजन २ को उत्कृष्ट ६ अर्थात फाइनल राउण्डमा पुगेकी हुन् ।

हेटौंडाको विभिन्न नृत्य प्रतियोगितामा समेत सहभागिता जनाएर नाम कमाएकी उनी डान्स च्याम्पियन सिजन २ को कान्छी प्रतियोगी हुन् । ११ वर्षीया उनी फाइनलमा पुगेसँगै उनलाई जिताउनका लागि हेटौंडामा अभियान समेत संचालन गरिएको छ । उनलाई इभेन्ट एण्ड भोटिङ प्लेटफर्म एवेन्टोज तथा ग्लोबल पे र इसेवाबाट भोट गर्न सकिनेछ । रोमियासँगै फाइनलमा अनिल सुनुवार, बबिता पोखरेल, जिके क्वीन्स, साजन गुरुङ र शुभम सिंह रहेका छन् ।

# राजश्व संकलनमा दबाव बढाउँदै प्रदेश सरकार

साझाकुरा संवाददाता

हेटौंडा, ८ असोज/चालु आर्थिक वर्षका लागि बिनियोजन गरिएको खर्चरकमको लक्ष्य भेट्टाउनका लागि बागमती प्रदे सरकारले राजश्व संकलनमा दबाव बढाएको छ । चालु आर्थिक वर्षको दुई महिनाको अवधिमा बागमती प्रदेश सरकारले साढे २ अर्ब रुपैयाँ भन्दा बढी राजस्व संकलन गरेको जनाएको छ ।




आर्थिक मामिला तथा योजना मन्त्रालयले उपलब्ध गराएको तथ्यांकअनुसार चालु आव २०८१/८२ को भदौ मसान्तसम्म २ अर्ब ६५ करोड ४३ लाख ४२ हजार रुपैयाँ राजस्व संकलन भएको हो । गत आवको सोही अवधिको तुलनामा चालु आवको दुई महिनामा बागमती प्रदेश सरकारको राजस्व संकलनमा वृद्धि भएको तथ्यांकले देखाएका छ । मन्त्रालयबाट प्राप्त तथ्यांक अनुसार गत आर्थिक वर्ष २०८०/८१ को भदौ मसान्तसम्मको आयभन्दा २२ दशमलव ३ प्रतिशतले राजस्व संकलन वृद्धि भएको हो ।

आर्थिक वर्ष २०८०/८१ को दुई महिनामा २ अर्ब १७ करोड ५२ लाख ११ हजार रुपैयाँ राजस्व संकलन गरेको प्रदेश सरकारले चालु आव २०८१/८२ मा ४७ करोड ९१ लाख ३१ हजार रुपैयाँ बढी राजस्व संकलन गर्न सफल भएको मन्त्रालयका प्रशासन महाशाखाप्रमुख होमनाथ रिजालले जानकारी दिए । गत आवमा ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार अनुमान गरिएकोमा भदौ मसान्तसम्म ३ दशमलव ४७ प्रतिशत मात्रै राजस्व संकलन भएको थियो । चालु आवमा कुल आय अनुमानको ६४ अर्ब ५४ करोड ४ लाख ३१ हजार रुपैयाँमा ४ दशमलव ११ प्रतिशत राजस्व प्राप्ति भएको तथ्यांक छ ।

चालु आवमा प्रदेश सरकारले घरजग्गा रजिष्ट्रेशन दस्तुर, बाँडफाँड भई प्राप्त हुने मूल्यअभिवृद्धि कर, बाँडफाँड भई प्राप्त हुने अन्तशुल्क, सवारीसाधन कर, मनोरञ्जन कर र दहत्तरवहत्तरको बिक्रीबाट प्राप्त हुने आय मार्फत राजस्व संकलन गरेको हो । प्रदेश सरकारको सबैभन्दा धेरै आम्दानीको स्रोत सवारी साधन कर र घरजग्गा रजिष्ट्रेशन दस्तुरवापतको राजस्व देखिन्छ । करको दायरा बढाउने विषयमा प्रदेश सरकारले समिति बनाएर अध्ययन गरिरहेको बताइएको छ ।

घरजग्गा रजिष्ट्रेशन (मालपोत) र सवारीसाधन कर नै बागमती प्रदेश सरकारको राजस्व संकलनको मुख्य आयस्रोत मानिएको भएपनि गत आवमा शीर्षकबाट १४ अर्ब राजस्व संकलन हुने अनुमान गरिएकामा ११ अर्ब ६० करोड ७६ लाख ५० हजार मात्र राजस्व संकलन भएको बागमती प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय हेटौंडाले जानकारी दिएको छ । राजश्व चुहावट रोक्ने कार्यमा उल्लेख्य सफलता मिल्न नसक्नु र राजश्वको दायरा फराकिलो बनाउने विषयमा गतिलो गृहकार्य हुन नसक्दा राजश्व संकलनको लक्ष्य भेट्टाउन नसकेको आर्थिक बिज्ञहरुले बताएका छन् ।

घरजग्गा रजिष्ट्रेशन शीर्षकबाट ६ अर्ब ७५ करोड राजस्व संकलन गर्ने लक्ष्य रहेकामा त्यसको करिब ८१ दशमलव ३२ प्रतिशत अर्थात् पाँच अर्ब ४८ करोड ९३ लाख ३८ हजार रुपैयाँ मात्र राजस्व संकलन भएको थियो । प्रदेश सरकारले सवारीसाधन जाँचपास, रुट परमिट, सवारीचालक अनुमतिपत्र वितरण तथा नवीकरण आदिबाट गत आव २०८०/८१ मा अनुमानभन्दा १६ प्रतिशत कम राजस्व संकलन गरेको थियो ।

सवारीसाधन करवापत एक अर्ब ११ करोड ८० लाख ११ हजार रुपैयाँ, घरजग्गा रजिष्ट्रेशन दस्तुर वापत २ करोड ९३ लाख ९२ हजार रुपैयाँ राजस्व संकलन गर्न सफल भएको छ । त्यस्तै मन्त्रालयले उपलब्ध गराएको तथ्यांक अनुसार चालु आवको दुई महिनामा बाँडफाँड भई प्राप्त दहत्तरबहत्तरको बिक्रीबाट एक करोड १४ लाख ५० हजार, मनोरञ्जन कर वापत ८३ हजार, र अन्तशुल्क वापतको कर १९ करोड ६४ लाख २० हजार रुपैयाँ राजस्व संकलन भएको मन्त्रालयका प्रशासन महाशाखा प्रमुख रिजालले जानकारी दिए ।

प्रदेश सरकारले संघीय सरकारको बाँडफाँटबाट प्राप्त हुने मूल्यअभिवृद्धि करबापत गत आर्थिक वर्षमा ७ अर्ब ७९ करोड ८८ लाख प्राप्त हुने अनुमान गरेकोमा ६ अर्ब ७५ करोड ३७ लाख रुपैयाँ मात्र प्राप्त भएको थियो । गत आवमा अन्त:शुल्क करबापत तीन अर्ब ३४ करोड २३ लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएकामा दुई अर्ब ३२ लाख १२ हजार रुपैयाँ मात्र प्राप्त भएको थियो । हरेक वर्ष राजश्व संकलन र संघीय सरकारबाट प्राप्त हुने रकमको दबावमा प्रदेश सरकारले काम गर्न बाध्य भएको छ ।

# कुलेखानी-सिस्नेरी-दक्षिणकाली सडक दसैंको मुखैमा बन्द

साझाकुरा संवाददाता

हेटौंडा, ८ असोज/ हेटौंडा-काठमाडौं छोटो दूरीको वैकल्पिक कुलेखानी-सिस्नेरी-दक्षिणकाली सडकमा १२ दिन सवारी सञ्चालनमा रोक लगाइएको छ । दक्षिणकाली नगरपालिकाले सोमबार एक सूचना जारी गर्दै मंगलबारदेखि यो सडकमा १२ दिन सवारी आउजाउमा रोक लगाएको हो ।

दक्षिणकाली-छैमले खण्ड कालोपत्रे कार्य सुरु गर्ने भएकोले सवारी आवागमनमा रोक लगाएको सूचनामा उल्लेख छ । नगरप्रमुख मोहन बस्नेतका अनुसार कालोपत्रे कार्य अगाडि बढाउनका लागि सडकमा सवारीचापका कारणले कठिनाइ भएकाले यो सडक खण्डमा गुड्ने सवारीसाधनलाई असोज ८ गतेदेखि १९ गतेसम्म (१२ दिन) रोक लगाइएको हो । दसैंको मुखैमा सडक अवरुद्ध हुँदा यात्रुको चाप अन्य सडकमा बढ्ने भएको छ ।

नगरपालिकाले यो सडक बन्द भएकाले सवारी साधनलाई वैकल्पिक मार्गबाट डाइभर्सन गराउन जिल्ला प्रशासन कार्यालय काठमाडौं र मकवानपुरलाई समन्वयका लागि आग्रह गरेको छ । यो सडक राजधानी पूर्वाधार विकास विशेष आयोजना, हेटौंडाअन्तर्गत ठेक्का लगाएर निर्माण कार्य भइरहेको छ । वाग्मती प्रदेश सरकारको लगानीमा निर्माण भइरहेको यो सडक प्रादेशिक सडक गुरुयोजना अन्तर्गतको प्रदेश लोकमार्ग कायम गरिएको छ ।

# चित्लाङबाट १२ वर्षपछि सुटिङमा फर्किए निरुता र उत्तम

साझाकुरा संवाददाता

हेटौंडा, ८ असोज/ निरुता सिंह र उत्तम प्रधान १२ वर्षपछि सुटिङ सेटमा फर्किएका छन् । उनीहरुको अभिनय रहेको म्युजिक भिडियोको छायांकन मकवानपुरको चित्लाङमा गरिएको छ ।

'यो जुनी यस्तै भो' बोलको गीतको भिडियोमा यी दुई कलाकारले दम्पतीको भूमिका निर्वाह गरेका छन् । बबी लिम्बू सुब्बाको शब्द, हरि लम्सालको संगीत र केशव भावुकको स्वर रहेको गीतलाई दशैं छेकोमा रिलिज गर्ने तयारी छ ।

यो गीतको भिडियोको छायांकनका लागि निरुता र उत्तम सिक्किमबाट नेपाल आएका हुन् । छायांकनपछि उत्तम फर्किसकेका छन् भने निरुता काठमाडौंमा छिन् ।

निरुता आइतबार बेलुका बानेश्वरको वान सिनेमाज हलमा आयोजित फिल्म 'खुस्मा'को विशेष प्रदर्शनमा पनि सहभागी थिइन् । जहाँ उनले यो म्युजिक भिडियोमा उत्तमसँगको लामो समयपछिको सहकार्य राम्रो भएको र आफूहरु चाँडै फिचर फिल्म लिएर फर्किने तयारीमा रहेको बताएकी थिइन् ।

सम्भवत: तिहारपछि सुरु हुने यो फिल्मलाई उत्तमले निर्देशन गर्ने कुरा छ । निरुता र उत्तमले दर्पणछायाँ, लहना र उपहार जस्ता फिल्ममा सहकार्य गरेका छन् ।







**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**



☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# चाडपर्वमा कालोबजारीको मारमा उपभोक्ता

पछिल्लो समय खाद्यबस्तुमा हुने अखाद्यबस्तुको मिसावट र कालोबजारीबाट आम उपभोक्ता मारमा परेका छन् । त्यसमाथि पनि चाडपर्व नजिकिएसँगै हाम्रो समाजको प्रमुख समस्या भनेकै कालोबजारी नै हो । चाडपर्वमा कृत्रिमअभाव सृजना गरी महंगो मूल्यमा बिक्री गर्ने क्रम भने जुनसुकै सरकार आएपनि रोकिने सम्भावना पटक्कै छैन । चाडपर्वको समयमा बढ्ने कालोबजारी नियन्त्रण गर्न बागमती प्रदेशसभा बैठकमै सांसदहरुले आवाज उठाएका छन् । प्रदेशसभा बैठकमा सांसदहरुले चाडपर्वमा हुने कालोबजारी, यात्रु ठगी र दुर्घटनालगायत समस्या समाधान गर्न बागमती सरकारको ध्यानाकर्षण गराएका छन् । यो ध्यानाकर्षणले कति काम गर्ला ? त्यो हेर्न बाँकी नै छ । किनभने सांसद, मन्त्री, उच्चपदस्थ अधिकारीहरु पनि उपभोक्ता नै हुन् ।

दैनिक उपभोग्य बस्तु आफैंले उत्पादन गरेर उपभोग गर्ने जनसंख्या नेपालमा छैन भन्दा फरक पर्दैन । हाम्रो भान्सामा प्रयोग हुने नुन हामी आफैंले उत्पादन गर्न सक्दैनौं । हामी सबैले किनेर खाने नै हो । त्यही नुनमा कति मिसावट छ भन्ने कुरा हामीले हेरेर थाहा पाउदैनौं । बजारमा हुने कालोबजारीको गति प्रशासनिक संयन्त्रको नियन्त्रण भन्दा बाहिर छ । प्रदेशसभा बैठकमा सांसदहरुले चाडपर्व नजिकिएसँगै प्रदेशवासीले सहज आवाजजावत गर्ने वातावरण निर्माण गर्न आग्रह गरेका छन् । उनीहरुले चाडपर्वमा हुने कालोबजारी नियन्त्रण गर्न माग गरेका हुन् । चाडबाडको समयमा आम उपभोक्ताले सामान्य अवस्थामा भन्दा बढी दैनिक उपभोग्य बस्तु खरिद गर्ने गरेका छन् । यही समयमा कालोबजारी गर्ने केही सीमित ब्यापारीले मौका छोप्ने गरेको उपभोक्ता बताउँछन् । हरेक वर्ष स्थानीय प्रशासनले अनुगमन पनि गरिरहेकै हुन्छ तर, कालोबजारी रोकिएको भने छैन । प्रदेशसभा बैठकमै सांसदहरुले यो विषयमा बहस गर्नुपर्ने अवस्था किन आएको छ ? चाडपर्वको समयमा सर्वसाधारणले आवाजजावत बढी गर्नुपर्ने हुँदा सडकको मर्मत गर्न सांसदहरुले बागमती प्रदेश सरकारलाई आग्रह गरेका छन् । चाडपर्वको समयमा सार्वजनिक सवारीसाधनको उचित निगरानी र व्यवस्थापन गर्न, चाडपर्वको समयमा चोरीडकैती, हत्याहिंसा जस्ता अपराधका घटना धेरै हुने गरेको भन्दै नियन्त्रण गर्न प्रदेश सरकारको ध्यानाकर्षण गराएका हुन् । चाडपर्वमा सर्वसाधारणलाई समस्या हुने गरेको भन्दै बागमती प्रदेश सरकारलाई गम्भिर हुन उनीहरुले आग्रह गरेका छन् ।

प्रदेशसभा बैठकमा ३६ जनाले भनाइ राखेका थिए । बैठकमा सांसदहरुले चाडपर्वलक्षित र सहकारी समस्याको विषयमा मुख्यमन्त्री बहादुर सिंह लामासँग जवाफ माग गरेका थिए । बैठकमा वर्तमान सरकार स्वार्थकेन्द्रित भएको आरोप सांसदहरुले लगाएका छन् । सांसदहरुले बैठकमा उठाएको प्रश्नको जवाफ दिँदै बागमती प्रदेशका मुख्यमन्त्री लामाले चाडपर्वलक्षित अनुगमनको पूर्वतयारी गरिसकेको बताए । उनले चाडपर्वमा हुने विभिन्नखालका समस्यालाई मध्यनजर गर्दै कानूनमन्त्री सुरजचन्द्र लामिछानेको नेतृत्वमा यातायात व्यवसायीलाई सचेत गराउनुका साथै क्षमताभन्दा बढी यात्रु नचढाउन निर्देशनसमेत दिइसकेको बताए । चाडपर्वमा हुने कालोबजारी नियन्त्रण गर्न सरकार गम्भिर रहेको र यस विषयमा समिति बनाएर अनुगमन गर्ने मुख्यमन्त्री तामाङले बताएका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असोज १० गते बिहीबार २६ सेप्टेम्बर २०२४ । नवमी, आश्विन कृष्णपक्ष । ञलागा ११४४ ने.सं. । सूर्योदय ५:५४, सूर्यास्त ५:५४ । अन्तर्राष्ट्रिय परमाणु हतियार निर्मुल दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : सहयोग गर्ने भावना आउनेछ | **तुला** | : मित्रसंग विवाद हुनसक्नेछ |
| **वृष** | : यात्राको लागि सुखद देखिन्छ | **वृश्चिक** | : धन खर्च हुनेछ |
| **मिथुन** | : रमाइलोको समय रहेको छ | **धनु** | : भेटघाटमा समय बित्नेछ |
| **कर्कट** | : शरीरमा समस्या देखिन सक्नेछ | **मकर** | : सम्पत्तिको खचपच हुनेछ |
| **सिंह** | : सामाजिक प्रतिष्ठा बढ्नेछ | **कुम्भ** | : सुखभोगको समय रहेकोछ |
| **कन्या** | : सानातिना अवरोध आइरहनेछ | **मीन** | : आर्थिक लाभ मिल्नेछ |

# आजको नेपाल र अबको बाटो



✍ उदयराज पोखरेल

देशको वर्तमान अवस्था अत्यन्त जटिल छ । देश अत्यन्त खराब मोडमा पुगेको छ । देशमा आम जनताले केही गर्न सक्ने अवस्था नै देखिँदैन । विकास निर्माण ठप्प छ । हरेक क्षेत्रमा अस्तव्यस्त छ । राजनीतिक दलका नेतृत्वप्रति आम जनताको विश्वास टुटेको अवस्थाले गर्दा अबको दिनमा देशले हरेक क्षेत्रमा परिवर्तन खोजेको छ ।

समग्रमा भन्दा गणतान्त्रिक व्यवस्थाले मुलुकको राष्ट्रिय सार्वभौमसत्ता कमजोर बनाएको जस्तो लागेको छ । धर्म, संस्कृति, परम्परामा हस्तक्षेप बढ्दै गएको छ । यतिखेर सामाजिक एकता कमजोर हुँदै गएको छ । जातीयता, क्षेत्रीयता, धार्मिकतामा द्वन्द्व बढ्दै गएको आभास भएको छ । नेपाल र नेपालीको पहिचानमा संकट पैदा हुँदै गएको छ । त्यसैले जनता नेतृत्वप्रति आक्रोशित बन्दै गएका छन् । त्यसैले आर्थिक, सामाजिक, सांस्कृतिक समस्या समाधान गरी मुलुकलाई स्पष्ट दिशानिर्देश गर्न जनताले नयाँ शिराको आवश्यकता महसुस गर्दै गएका छन् । यही चाहनाको परिपूर्तिका लागि जनता सडकमा उत्रन थालेका छन् । यस कारणले नयाँ किसिमले अगाडि बढ्नका लागि नेपाली समाज अग्रसर भइरहेको देखिन्छ ।

भ्रष्टाचार माथिदेखि तलसम्म व्यापकरुपमा फैलिरहेको अवस्था छ । सबै कुरा सरकारको नेतृत्व गर्ने मान्छेहरुबाटै संरक्षित भएको देखिन्छ । भ्रष्टाचारका अनेक काण्ड आएका छन् । तर राजनीतिक संरक्षणमा ती भ्रष्टाचारीलाई प्रश्रय दिइरहेको पाएका छौं । सरकारमा रहने नै भ्रष्टाचारमा लिप्त भएपछि त्यसको मातहतमा भएका सबै निकायहरु स्वत: भ्रष्टाचारीलाई संरक्षण गरी फाइल मिलाउने र आफू अनि सम्बन्धित व्यक्तिहरु उम्काउने सेटिङको रुपमा काम भएको देखिन्छ । आम जनताले यस्ता कुरा पत्तै नपाउने गरी भ्रष्टाचारीहरु संरक्षित भएको अवस्था छ ।

अख्तियारका प्रमुख आयुक्त, आयुक्तहरु पनि प्रमुख दलहरुकै भागवण्डामा नियुक्त हुने गरेका छन् । त्यसै कारण अख्तियारले ठूला दलका नेताहरुलाई केही गर्न सक्ने अवस्था नै देखिँदैन । भएका फाइल पनि तामेलीमा राख्नुबाहेक उनीहरुमा अर्को विकल्पै नभएको हो कि जस्तो देखिन्छ । अख्तियारका प्रमुख आयुक्त, आयुक्तले राजनीतिक दलका नेताले भनेको नमानेमा उनीहरुको पदमै प्रश्नचिह्न खडा गरिदिन्छन् । अख्तियारका राम्रो मान्छे पनि राजनीतिक दबाबकै कारण राम्रो काम गर्न नसकेको अवस्था छ । अख्तियारले खरदार, सुब्बा वा त्योभन्दा तलकालाई समात्नुबाहेक अर्को काम गर्न नसकेको सबैलाई थाहा भएकै कुरा हो । त्यसैले पहिला अख्तियारको कार्यक्षेत्र बढाउनुपर्छ । निष्पक्ष पार्नुपर्छ । अख्तियार लाई पहिला अधिकार सम्पन्न स्वायत्त निकायका रुपमा स्थापित गर्नुपर्छ । कुनै पार्टीको प्रतिनिधिको रुपमा नियुक्त भएपछि ठूला दलमा आबद्ध ठूला नेता तथा व्यापारीलाई समात्ने हैसियत नराख्नु स्वाभाविकै हो । अहिलेको अख्तियारको गतिविधिले यो कुरालाई स्पष्ट पारेको छ ।

बजेटको कुरा गर्ने हो भने, यस वर्षको बजेट कर्मकाण्डी छ । शिक्षा, स्वास्थ्य, रोजगार, किसानका समस्या, आम व्यवसायीको समस्याबारे यो बजेटमा खासै बोलेको देखिँदैन । ५ वर्षमा के के गर्ने र नतिजा कस्तो ल्याउने भनेर बजेटमा उल्लेख छैन । बजेट निरन्तरता मात्र देखिन्छ । यो बजेटप्रति जनताको न अपेक्षा छ, न पूरा हुने आधार छ । सरसर्ती भन्दा बजेट सत्तामा बसेका नेता तथा उनका आसेपासेले भनेको ठाउँमा मात्र विनियोजन भएको देखिन्छ । दलका नेता-कार्यकर्ताले बजेट कुन ठाउँमा लगेर आफ्नो अनुकूलतामा खर्च गर्ने अनि खल्ती भर्नेबाहेक नयाँ बजेटमा विशेष केही देखिँदैन ।

देशमा सोचेजस्तो विकास नहुनुमा राजनीतिक व्यवस्था नै जिम्मेवार छ । वर्तमान नेताहरुमा देश कसरी निर्माण गर्ने भन्ने दुरगामी सोच नभएकोले गर्दा विकास नभएको हो । कर्मचारी, व्यवसायी, विदेशी कूटनीतिक नियोग, लगानीकर्तालाई सरकारले विश्वासमा लिन नसकेकाले विकास पनि सोचेजस्तो नभएको हो । नेताहरुमा विकास गर्ने अध्ययनको पनि कमी छ । जुन क्षेत्रको विज्ञता हासिल गरेको व्यक्ति छ, त्यही व्यक्तिलाई त्यही क्षेत्रमा कार्य गर्न दिइएको छैन । विनियोजित बजेट पनि नेता तथा नेताका आसेपासेले आफूखुशी खर्च गरेका छन् । देश विकास नहुनुमा सरकारमा बस्ने नेताहरु नै जिम्मेवार छन् । यही विनियोजित बजेट सही ठाउँमा खर्च गर्ने हो भने देशमा विकास निर्माण पनि हुने थियो । तर बजेट सदुपयोग नहुँदा देश विकास पनि सोचेजस्तो भएन ।

पहिलो कुरा, अन्य समयको त कुरै छोडौं चाडबाडको बेलामा पनि सरकारले महँगी नियन्त्रण गर्न अग्रसर हुन सकेको छैन । महँगी नियन्त्रणका लागि भरपर्दो कुनै संयन्त्र नै गठन गर्न सकेको छैन । व्यवसायीलाई अनेकन दु:ख दिने, चन्दा असुल्ने, मनलागि गर्ने प्रवृत्ति बढेर गएको देखिन्छ । सरकारमा रहेकाको गतिविधिले महँगी झन्-झन् बढ्नुको कारण बन्न पुगेको छ । देशमा खेती गर्ने युवाहरु प्राय: सबै विदेश पलायन भए अनि कसरी खेती हुन्छ ? त्यसमाथि सरकारले खेती गर्ने किसानलाई पनि समयमै मल, बीउ दिन सकेको छैन । कृषि अनुदान भनिए पनि वास्तविक किसानको हातमा पुग्दैन । आफ्ना कार्यकर्तालाई फाइल खडा गरेर कृषिमा पाउने सहुलियत उनीहरुले खेती नगरी नै पाइरहेको अवस्था छ । वास्तविक किसान भने मारमा परेका छन् । यता स्वदेशमा उत्पादन कम भएकाले विदेशी आयातमा भर पर्नुपरेको अवस्था छ । महँगी नियन्त्रण गर्न बनेका सरकारी संयन्त्रहरु निकम्मा बनेको अवस्था छ अनि उनीहरु कमिसनको चक्करमा परेको पाइन्छ ।

त्यसो त देश हाँक्न देश-विदेश बुझेको युवा, अबको १० वर्षभित्र कसरी देशलाई समृद्ध बनाउने दृष्टिकोण (भिजन) भएको सक्षम नेतृत्व, जसले देशको भूराजनीतिक अवस्था बुझ्न सक्ने इमानदार र देश अनि जनतालाई केन्द्रविन्दुमा राखेर हरेक क्षेत्रका तह र तत्काका जनताका समस्यालाई सम्बोधन गर्न सक्ने, छिमेकी राष्ट्रहरुलाई पनि विश्वासमा लिएर नेतृत्व दिन सक्ने व्यक्ति आम जनताले खोजेका छन् ।

यसैले विगत एक वर्षदेखि राप्रपाले विभिन्न चरणको आन्दोलन गर्दै आएको छ । यो देशमा यी दलहरुले ल्याएको गणतन्त्रप्रति आम जनताको विश्वास टुटेको अवस्था छ । संघीयता, धर्म निरपेक्षताजस्ता संविधानमा भएका व्यवस्थाहरुलाई नउल्टाएसम्म यो देश समृद्ध हुन्छ भन्ने हामीले देखेका छैनौं । सबै पक्षलाई मिलाएर राष्ट्रपतिको ठाउँमा अभिभावकीय राजा, संघीयता खारेज गरी सनातन हिन्दु राष्ट्र पुनर्स्थापना गर्ने प्रमुख एजेन्डा लिएर हामी आम जनताको घरदैलोमा गइरहेका छौं । जब गाउँ, टोल, जिल्लाका जनताले हाम्रो कुरा बुझ्छन् त्यो बेला हाम्रो एजेन्डा स्थापित हुनेछ । जनतालाई खुशी, सुखी र सम्पन्न पार्न राजासहितको व्यवस्था आवश्यक छ भन्ने कुरा अहिलेको समयले पनि स्थापित गरेको छ । हाम्रो एजेन्डामा जनता सहमत हुँदै गएका छन् । एकदिन वर्तमान गणतन्त्रमा रहेका पनि हाम्रै एजेन्डा मान्न बाध्य हुनेछन् । ढिलो-चाँडो त्यो समय आउँछ । हरेक ठूला पार्टीभित्र राप्रपाको एजेन्डाको प्रवेश भइसकेको छ ।

नेपालमा राजसंस्था पुनर्स्थापित हुने धेरै कारण छन् । नेपाल बहुभाषिक, बुहसांस्कृतिक, बहुजातीय भएको देश हो । सबैको प्रतिनिधित्व गर्न सक्ने अभिभावकीय राजसंस्था हुँदा धेरै उपयुक्त हुन्छ । दल विशेषको राष्ट्रपति हुनुभन्दा सबैले मान्ने राजसंस्था उपयुक्त हो । अहिले जनताले पनि राजसंस्थाको अभाव महसुस गर्न थालेका छन् । नेपालको राजसंस्था भनेको नेपाल निर्माण गर्नेदेखि जनताको माया र सहकार्यमा राज्य सञ्चालन गरिरहेको संस्था हो । त्यो विगतले स्पष्ट पारेको थियो । राजा भागेर कहीँ गएका छैनन्, जनताकै बीचमा छन् । एकदिन राप्रपाकै नेतृत्वमा राजसंस्था पुनर्स्थापित हुन सक्छ । यो कुरा गणतान्त्रिक पार्टीहरुका विभिन्न फोरमहरुमा पनि बहस हुन थालेको छ । अब अभिभावकीय राजसंस्था नै उपयुक्त हो भन्ने आवाज उठ्न थालेको छ । यो स्वभाविक पनि हो ।

त्यसो त प्रमुख दलका नेताहरुमा देश लुट्नमा तँछाडमछाड छ । एउटाले अर्कालाई भ्रष्टाचारी भन्छन् तर खोज्दै जाँदा सबै पार्टीका नेताहरुले मिलेर खाइरहेका छन्, भ्रष्टाचार गरि रहेका छन् । ठूला-ठूला भ्रष्टाचार खोज्दै जाँदा ठूला दलकै नेताहरुको कुनै न कुनै रुपमा सहभागिता रहेको पाइन्छ । कोही कांग्रेस भन्छन्, कोही एमाले भन्छन्, कोही माओवादी भन्छन् तर भ्रष्टाचारका ठूला काण्डमा एकै ठाउँमा भेट हुन्छ । यो कुरा जनताले पनि अब बुझिसके । जनता अब चनाखो भइसकेका छन् ।

हाम्रो देश अत्यन्त सुन्दर छ । जनता पनि अत्यन्त मेहनती र सहनशील छन् । त्यसैले देश बन्न धेरै समय लाग्दैन । सही नेतृत्व र सही पार्टीलाई जनताले विश्वास गरेको खण्डमा चाँडै नै देश समृद्ध बन्ने अवस्था छ । पुराना दलहरुलाई विश्वास गर्दा यति बेला देश बंगलादेश वा श्रीलंकाको जस्तो बन्ने अवस्थामा पुगेको छ । त्यसैले अबको विकल्प भनेको राप्रपाले बोकेका एजेन्डा नै हो भन्ने मलाई लागेको छ । लाग्छ, जनताको सेवक पार्टी भनेको राप्रपा हो । त्यसैले परिवर्तनमुखी पार्टी राप्रपालाई सबैतिरबाट साथ, सहयोग हुनेमा ढुक्क हुन सकिन्छ । अबका दिनमा बाध्यतामा होइन, स्वतन्त्ररुपमा नागरिकले नेतृत्वको छनोट गर्न पाउनुपर्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# आजको दुनियाँ बहुध्रुवीय होइन

✍ जो इङ्गे बेक्कभोल्ड

आजको दिनमा धेरैजसो राजनीतिज्ञहरू, कूटनीतिज्ञहरू र अन्तर्राष्ट्रिय राजनीतिका अध्येताहरू संसार बहुध्रुवीय भइसक्यो वा अब हुँदै छ भन्ने तर्क जोडतोडले अघि सारिरहेका छन् । पछिल्ला केही महिनामा यस्ता तर्क धेरै क्षेत्रका अगुवाबाट सुन्न थालिएको छ । यसो भन्नेहरूमा संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस, जर्मन चान्सलर ओलाफ स्क्ल्ज, जर्मन विदेशमन्त्री अन्नालेना बायरबक, फ्रान्सेली राष्ट्रपति इम्यान्युएल म्याक्रोन, ब्राजिलियन राष्ट्रपति लुला इनासियो दा सिल्भा र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसम्म पर्छन् ।

युरोपेली संघको विदेश मामिलाका उच्चस्तरीय प्रतिनिधि जोसेफ बोरेल त सन् २००८ को वित्तीय संकटदेखि नै संसार 'जटिल बहुध्रुवीयता'को प्रणालीमा गइसकेको दाबी गर्छन् । यो विचार व्यापारको क्षेत्रमा अझ चर्चित भइरहेको छ । विश्वकै ठूलोमध्ये पर्ने लगानी बैंक मोर्गन स्टान्लीले हालसालै 'बहुध्रुवीय संसारमा कसरी चल्ने' भन्नेबारे रणनीतिपत्र निकालेको छ । अर्को प्रतिष्ठित युरोपेली बिजनेस स्कुल 'इन्सिड' त यस्तो संसारमा कस्तो नेतृत्व कौशल चाहिन्छ भन्नेबारे चासो गर्न थालेको छ ।

राजनीतिज्ञहरू, विज्ञहरू र लगानी बैंकहरूले यस्तो दाबी गरे पनि आजको समयमा दुनियाँ बहुध्रुवीय छ वा छिटै हुँदै छ भन्ने कुरा केवल कोरा कल्पना मात्रै हो । यसो भन्नुका कारण सरल छन् । ध्रुवीयता (पोलारिटी)को सामान्य अर्थ विश्व प्रणालीमा धेरै महाशक्तिहरू छन् भन्ने हुन्छ । र, विश्व बहुध्रुवीय हुनलाई कम्तीमा तीन वा तीनभन्दा धेरै महाशक्तिको उपस्थिति हुनुपर्छ । आजका दिनमा हेर्दा आर्थिक आकार, सैन्य शक्ति र विश्वव्यापी लाभ उठाउने क्षमताको हिसाबमा अमेरिका र चीन दुईवटा देशले मात्र आफूलाई महाशक्तिको रूपमा उभ्याउन सक्ने देखिन्छ । अरु महाशक्तिहरू देखिँदैनन् र छिटै देखिनेजस्तो अवस्था पनि छैन । ठूलो जनसंख्या र बढ्दो अर्थतन्त्र भएका उदाउँदै गरेका मध्यम शक्तिहरू र केही असंलग्न मुलुकहरूलाई हेरेर संसारलाई बहुध्रुवीय भइसक्यो भनेर भन्न मिल्दैन ।

हामीले मसिनो गरी हेर्‍यौं भने दुई ध्रुवबाहेक अर्को तेस्रो, चौथो ध्रुव भेटाउँदैनौं । सन् २०२१ मा भारत तेस्रो धेरै रक्षा खर्च गर्ने मुलुक थियो, जुन आफैंमा शक्तिको मापनको महत्त्वपूर्ण आधार हो, तर पछिल्लो समय स्टकहोम पिस रिसर्च इन्स्टिच्युटले प्रस्तुत गरेको आँकडा अनुसार भारतको सैन्य बजेट चीनको एक चौथाइ हाराहारी मात्रै छ, (जब कि चीनको सैन्य बजेट सार्वजनिक आँकडाभन्दा धेरै हुन सक्ने अनुमान छन्) ।

आज भारतको मुख्य ध्यान आफ्नो विकासतर्फ बढी केन्द्रित छ । यसको परराष्ट्र सेवा क्षेत्र अझै सानो छ । हिन्द प्रशान्त क्षेत्रमा लाभ लिन अधिक उपयोगी जलसैन्यको मामिलामा चीनले पछिल्लो पाँच वर्षमा भारतभन्दा पाँच गुणा भार क्षमताको परिचालन गरेको छ । भार त कुनै दिन एउटा ध्रुव बन्ने सम्भावनालाई नकार्न त सकिन्न तर त्यो सुदूर भविष्यमा मात्रै आउँछ । शक्ति परिचालन क्षमताको अर्को सूचक आर्थिक सम्पत्ति हो । जापान संसारको तेस्रो ठूलो अर्थतन्त्र हो, तर अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) को पछिल्लो तथ्यांक अनुसार जापानको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) चीनको तुलनामा एक चौथाइभन्दा कम देखिन्छ । यस पछाडि रहेका चार ठूला अर्थतन्त्रहरू जर्मनी, भारत, बेलायत त फ्रान्स अझै साना छन् ।

म्याक्रोन लगायत केही मानिसले अविराम दाबी गरेजस्तो युरोपेली संघ पनि तेस्रो ध्रुव हुन सक्दैन । युरोपेली राज्यहरूका राष्ट्रिय चासो फरक-फरक छन्, तिनीहरूको एकता नै दरार आउने खालको छ । युक्रेनको समर्थनमा युरोपेली संघको एकढिक्का एकता देख्न सकिन्छ, तर त्यहाँ एकीकृत रक्षा, सुरक्षा वा विदेशनीति देखिँदैन । बेइजिङ, मस्को वा वासिङटनले कुरा गर्नुपर्‍यो भने सिधै पेरिस, बर्लिनसँग कुरा गर्छन् । ब्रसेल्ससँग कुरा गर्ने भन्ने बिरलै मात्रै हुन्छ ।

ठूलो भूमि, अत्यधिक प्राकृतिक स्रोत-साधन र आणविक हतियारको विशाल भण्डार का कारण रुस पक्कै पनि महाशक्तिको सम्भावित दाबेदार हुन सक्छ । यो देशले आफ्नो सीमा बाहिर पनि प्रभाव पार्न सक्छ । अहिले प्रमुख युरोपेली युद्ध नै लडिरहेको छ । फिनल्यान्ड र स्विडेनलाई नेटोमा धकेलेको छ । यद्यपि इटालीभन्दा सानो अर्थतन्त्र र चीनको एक चौथाइ हाराहारी सैन्य खर्चको आधारमा रुस अन्तर्राष्ट्रिय प्रणालीको तेस्रो महाशक्तिको रूपमा अझै योग्य हुन सक्दैन । हदैसम्म गर्दा रुसले चीनलाई सहयोग गर्ने भूमिका खेल्ने हो ।

विश्व बहुध्रुवीय भइसकेको छ भन्नेहरूले व्यापक रूपमा दाबी गर्ने गरेको अर्को तर्क ग्लोबल साउथको उदय र पश्चिमा मुलुकहरूको खुम्चिदो भूमिका हो । आफ्नै ध्रुव बनाउन सक्ने आर्थिक, सैन्य र अरु प्रभावकारी शक्ति नभएका भारत, ब्राजिल, टर्की, दक्षिण अफ्रिका र साउदी अरबजस्ता पुराना र नयाँ मध्यम शक्तिहरूको उपस्थितिले व्यवस्थालाई बहुध्रुवीय बनाइहाल्दैन । अर्को शब्दमा भन्ने हो भने यी देशसँग चीन र अमेरिकासँग जुध्न सक्ने क्षमता छैन ।

यो कुरा सत्य हो, विश्व अर्थतन्त्रमा अमेरिकाको हिस्सा घट्दो क्रममा छ तर पनि चीनसँग जोडेर हेर्दा यसले आफ्नो प्रभावशाली उपस्थिति कायमै राखेको छ । यी दुई महाशक्तिहरूको रक्षा खर्च पूरा विश्वको रक्षा खर्चको आधा छ । यी दुई मुलुकको अर्थतन्त्र जोड्दा त्यसपछिको सूचीमा रहेका ३३ ठूला अर्थतन्त्रहरू जोड्दासँग बराबर हुन्छ ।

दक्षिण अफ्रिकाको जोहान्सबर्गमा भएको शिखर बैठकमा भएको ब्रिक्सको विस्तार (यसअघि ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिका रहेको समूह)को निर्णयलाई केहीले बहुध्रुवीयताको छनक वा त्यसतर्फको महत्त्वपूर्ण पाइला भनेका छन् । तर यो समूहमा एउटै ध्रुवको रूपमा कार्य गर्नलाई अप्ठेरो हुने तहको विविधता छ, तिनीहरू सहजै छुट्टिन सक्छन् । ब्रिक्स प्रस्ट रूपमा कुनै एउटा ब्लक बन्ने सन्निकटमा छैन । यसका सदस्यहरू अन्तर्राष्ट्रिय आर्थिक व्यवस्थामा साझा धारणा राख्ने तहसम्म मिल्न सक्छन्, तर अन्य विविध क्षेत्रमा उनीहरूका धारणा फरक-फरक छन् । एउटै पंक्तिमा भएको देखाउने मुख्य विषय सुरक्षा नीतिको मामिलामा यो समूहका ठूला सदस्यहरू चीन र भारतबिचमा ठूलो मतभेद छ । बरु बेइजिङको उदयले नयाँ दिल्लीलाई अमेरिकाको नजिक पुर्‍याइरहेको अवस्था छ ।

प्रश्न उठ्छ– विश्व बहुध्रुवीय छैन भने किन बहुध्रुवीयताका दाबीहरू यति लोकप्रिय छन् ? यसो हुनुमा अन्तर्राष्ट्रिय राजनीतिका तथ्य र धारणा बुझ्न जाँगर नभएर बेवास्ता गर्नेबाहेक तीनवटा प्रस्ट कारण देखिन्छन् ।

पहिलो कारण– बहुध्रुवीयताको विचार लाई अगाडि बढाउने धेरै व्यक्तिका लागि यो आग्रह मिश्रित अवधारणा हो । यो पश्चिमा जगतको वर्चस्वको युग सकिएको छ र त्यो शक्ति फैलिँदै छ वा फैलिनुपर्छ भन्ने वा आशा गर्ने अर्को तरिका हो । राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले बहुध्रुवीयतालाई विश्व-व्यवस्थालाई सन्तुलनमा ल्याउने तथा बहुपक्षीयताका विषय हल गर्ने उपायका रूपमा लिएका छन् ।

धेरै युरोपेली नेताले बहुध्रुवीयतालाई चीन-अमेरिकाको द्विध्रुवीयताको विकल्प हुन सक्छ भन्ने आशाको रूपमा लिएको पाइन्छ । किनभने उनीहरूको बुझाइमा बहुध्रुवीयताले नियमहरूमा आधारित व्यवस्थामार्फत विश्वलाई थप राम्रो विश्व बनाउने, विविध शक्तिहरूसँगको विश्वव्यापी साझेदारीलाई सहज बनाउने र नयाँ ब्लकहरूको उदयलाई रोक्ने काम गर्छ ।

पक्कै पनि बहुपक्षीय ढाँचाले सोचेजस्तो काम गरिरहेको छैन । पश्चिमा जगतमा धेरैले बहुध्रुवीयताको विचारले अलि राम्रोसँग काम गर्छ भन्ने सोच्छन् । यसलाई बहुपक्षीयता पुनर्जीवित गराउने र ग्लोबल साउथसँगको टुट्दै गएको सम्बन्धलाई पुनर्जागृत गराउने अवसरका रूपमा पनि हेरेका छन् । अर्को शब्दमा भन्नुपर्दा अस्तित्वमै नभएको बहुध्रुवीयताप्रतिको विश्वास एक प्रकारले विश्व व्यवस्थामा आशा र सपनाको एउटा काल्पनिक गुलदस्ता (बुके) हो भन्न सकिन्छ ।

दोस्रो कारण– बहुध्रुवीयताको यति धेरै चर्चा हुनुको दोस्रो कारण अलि फरक छ । तीन दशकको भूमण्डलीकरण र सापेक्षिक शान्तिको अवधिपश्चात् यसमा अभ्यस्त नीतिनिर्माताहरू, टिप्पणीकारहरू र प्राज्ञिकहरू दुई ध्रुवमा विभाजित हुँदै सबैलाई तान्दै सघन रूपमा बढिरहेको प्रतिद्वन्द्वितालाई स्विकार्न तयार छैनन् । यसरी हेर्दा बहुध्रुवीयताप्रतिको विश्वास एक प्रकारले यथार्थभन्दा परको अर्को बौद्धिक बहाना पनि हो । साथै यसमा अर्को शीतयुद्ध नहोस् भन्ने कामना पनि देख्न सकिन्छ ।

तेस्रो कारण– बहुध्रुवीयताको छलफल एक किसिमले शक्तिको खेलको एउटा हिस्सा पनि हो । बेइजिङ र मस्कोले बहुध्रुवीयतालाई अमेरिकी शक्तिलाई रोक्ने र आफ्नो अवस्थालाई थप विकास गर्ने तरिकाको रूपमा लिन्छन् । सन १९९७ मा संयुक्त राज्य अमेरिका धेरै बलियो शक्ति भएको बेला रुस र चीनले बहुध्रुवीय विश्व र नयाँ अन्तर्राष्ट्रिय व्यवस्थाको स्थापनाको संयुक्त घोषणामा हस्ताक्षर गरेका थिए । चीन आज महाशक्ति भए पनि अमेरिकालाई आफ्नो मुख्य चुनौतीका रूपमा हेर्छ । मस्कोसँग मिलेर बेइजिङले बहुध्रुवीयताको विचारलाई ग्लोबल साउथको चाप्लुसी गर्न र यसलाई आफ्नो उद्देश्यतर्फ आकर्षित गर्ने सहज तरिकाको रूपमा प्रयोग गर्छ ।

बहुध्रुवीयता सन् २०२३ मा चीनको कूटनीतिक आकर्षणको प्रयोगको केन्द्रीय विषय बन्यो । पुटिनले जुलाईमा रूस-अफ्रिका शिखर सम्मेलनमा उपस्थित नेताहरूले बहुध्रुवीय विश्वलाई प्रवर्द्धन गर्न सहमत भएको घोषणा गरे । त्यसैगरी जब ब्राजिलमा लुलाले जस्तै उदाउँदो मध्यम शक्तिका नेताहरूले बहुध्रुवीयताको विचारलाई बढावा दिन्छन् यो प्राय: आफ्नो देशलाई एक अग्रणी असंलग्न राष्ट्रको रूपमा स्थापित गर्ने प्रयासको रूपमा हुने गर्दछ ।

जो-कोहीले पनि ध्रुवीयता र यसबारेका गलत बुझाइले के अर्थ राख्छ होला र भनेर सोच्न सक्छ । सजिलो उत्तर यो हो कि विश्वव्यवस्थामा कति ध्रुव छन् भन्ने कुराले ठूलो अर्थ राख्छ । यसबारेका गलत अवधारणाले रणनीतिक चिन्तनलाई अलमल्याउँदै अन्तिममा गलत नीति तर्जुमा हुने अवस्थामा पुर्‍याउँछन् । ध्रुवीयताको महत्व मुख्य दुई कारणले धेरै छ ।

पहिलो कारण– राज्यहरूले एकध्रुवीय, द्विध्रुवीय र बहुध्रुवीय व्यवस्थामा फरक खालका अवरोध सामना गर्छन् । जसलाई सम्हाल्न फरक रणनीति र नीतिको खाँचो पर्छ । उदाहरणका लागि गत जुनमा जारी भएको जर्मनीको नयाँ राष्ट्रिय सुरक्षा रणनीतिलाई लिन सकिन्छ । यसमा 'अन्तर्राष्ट्रिय र सुरक्षा वातावरण झन् बहुध्रुवीय र थप अस्थिर बन्दै गएको छ' भनिएको छ ।

क्रमश: पृष्ठ-३....

# संगठित अपराधको मुद्दा चल्ने रविको डर



काठमाडौं/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले गोर्खा मिडियामा आफू रहँदा आएको रकमको जिम्मेवारी लिने बताएका छन् । तर सहकारीको रकम अपचलनमा भने आफ्नो कुनै संलग्नता नभएको उनको दाबी छ ।

मंगलबार साँझ फेसबुक लाइभ गर्दै लामिछानेले सहकारी बचत रकम छानबिन गर्न गठित संसदीय समितिको प्रतिवेदन अनुसार कारबाही भोग्न तयार रहेको बताएका हुन् ।

'आफू जिम्मेवार रहेको बेला सहकारीबाट पैसा आएको छ भने त्यसको जिम्मेवारी लिनुपर्छ, त्यसको कानुनी कारबाहीको सिफारिस (समितिले) समेत गरेको छ' उनले भने, 'यो कुरालाई मैले बंग्याउन मिल्दैन । अगाडिको कुरालाई विपक्षी दलका नेताहरुले, विशेषगरी कांग्रेसका नेताहरुले, एमालेका नेताहरुले बंग्याउन मिल्दैन ।'

सहकारीको बचत रकम ठगीको विषयमा आफू पहिल्यै नै संसदीय समिति गठन गर्ने पक्षमा रहेको लामिछाने बताए । तर अहिलेका प्रधानमन्त्री केपी शर्मा ओली सहितका नेताहरुले समिति गठन गर्न आवश्यक नरहेको बताउँदा ढिलाइ भएको उनको दाबी छ ।

यद्यपि संसदीय समितिको प्रतिवेदन आफूले भनेजस्तै आएको रविको दाबी छ । 'सहकारीको रकम ल्याउन रवि लामिछानेको संलग्नता छैन भन्ने प्रष्ट बताएको छ' फेसबुक लाइभमा लामिछानेले भने, 'तर आफू कार्यरत रहेको बेला आएको पैसा भएकाले त्यसको चाहिँ कानुनी कारबाहीको भागीदार हुनुपर्छ है भनेको कुरालाई हामीले नकार्न मिल्दैन ।'

गोर्खा मिडिया नेटवर्कका सञ्चालक एवं प्रबन्ध निर्देशक र हँदाको अवधिमा भएको सहकारी बचत रकम अपचलनको जिम्मेवारी लिन तयार भएको लामिछानेले पहिलोपटक बताएका हुन् ।

यसअघि गत ३१ भदौमा प्रतिनिधि सभामा छानबिन समितिको प्रतिवेदन पेश हुँदा र ४ असोजमा प्रतिवेदनको पूर्णपाठ सार्वजनिक गरिँदा भने लामिछानेले आफूले क्लिन चिट पाएको प्रतिक्रिया दिएका थिए । रास्वपाका अरु नेताहरुले त रवि लामिछाने निर्दोष सावित भएको तर्क गरेका थिए ।

तर ६ असोजमा गोर्खा मिडिया नेटवर्कमा लामिछानेसँगै सञ्चालक रहेका पूर्व डीआईजी छविलाल जोशी पक्राउ परे ।

जोशी पक्राउ परेपछि रवि लामिछाने अत्तालिएका थिए । राजधानीमा उपलब्ध नेताहरुको बैठक राख्नु, नेता-कार्यकतालाई केन्द्रीय कार्यालय बोलाउनु, चीन भ्रमणमा रहेका नेताहरु फिर्ता बोलाउनु, नि पक्राउ परे प्रतिवादको अपिल गर्नुले रवि लामिछाने आत्तिएको प्रष्ट हुन्थ्यो ।

मंगलबार फेसबुक लाइभमा भने लामिछानेले त्यसदिनका गतिविधिलाई डराएका रुपमा बुझ्न नहुने तर्क गरे । 'कानुनमा कहाँ सघाउनुपर्छ, म कहाँ बयान दिन आउनुपर्छ, म कहाँ उभिनुपर्छ या मलाई समातिनुपर्छ वा मलाई थुन्नुपर्छ, म तयार छु नि', उनले भने, 'म त अस्ति पनि झोला लिएर आएको थिएँ । किन डराउँथे र म ।'

तर लगत्तै छविलाल जोशी समातिएकाले त्यसपछि आफू पनि पक्राउ पर्ने स्पष्ट रहेको पनि बताए । 'छविलाल जोशीलाई समातिएको छ । म बुझ्दैछु, उनलाई पक्राउन पनि उनका लागि होइन कि त्यहाँबाट केही बयान निस्कियो भने बयानका आधारमा यसलाई (रवि लामिछानेलाई) पक्राउ गराउन सकिन्छ भन्ने उद्देश्यले गरिएको भन्ने स्पष्ट देखिन्छ', उनले भनेका छन् ।

अर्थात् रवि लामिछानेले गोर्खा मिडियामा आफू रहँदाको अवधिमा भएको सहकारी रकम अपचलनको जिम्मेवारी लिँदै कानुनी कारबाही भोग्न तयार रहेको बताए । यद्यपि कारबाही कम्पनी ऐन अनुसार हुनुपर्ने माग फेसबुक लाइभबाट राखे ।

'समिति बनाउँदा पनि सहकारीको पैसा अपचलन गर्ने देखिएन भनिसकेपछि अब कम्पनी रुल अनुसार आउँला । गोर्खा मिडियामा भएका कुराहरुको विषयहरुमा त्यसको अनुसन्धान भयो होला पक्कै पनि । के मुद्दामा त मलाई ?', उनले भने ।

तर सरकारले संगठित अपराध र सहकारी ऐन अनुसार कारबाही चलाउने कोशिस गरिरहेको पनि लामिछानेले बताएका छन् । 'हरेक प्रकरणमा मैले कानुनी बाटो गएर, अदालत पुगेर, प्रहरी पुगेर त्यसको प्रक्रियाबाट म बाहिर निस्केको छु', उनले भने, 'यहाँ पनि म जान्छु । मुद्दा चाहिँ के हो ? कहीँ संगठित अपराधको मुद्दा लगाउन सकिन्छ कि भनेर कोशिस भइरहेको छ । बस् यो चलखेल सरकारले नगरोस् । मेरो यति मात्र बिन्ती छ ।'

पूर्वप्रधान एवं गृहमन्त्री लामिछानेले दशैं, तिहार जस्ता पर्वको अवसर पारेर आफूलाई पक्राउ गरि नसक्ने अनुमान गरे । तर त्यसरी पक्राउ गरिए प्रतिवादमा उत्रने पटकपटक चेतावनी दिए ।

प्रतिवादमा उत्रने मानिसहरु भीड नभएर आफ्ना शुभचिन्तक हुने तर्क गरे । 'सरकारले अन्याय गर्यो भने नागरिकले नबचाए कसले बचाउने ?', उनले भने, 'हिजो पनि न्यायका निम्ति साथीहरुले सघाउनु भएको हो, आज पनि अन्याय गर्यो सरकारले भने चाहिँ दशैं, तिहार, छठ जेसुकै हुन्छ अन्यायका विरुद्धमा उठ्नु होला ।'

*(स्रोत: अनलाइनखबर)*

# 'तेल भिसा'ले विदेश जाने आमाबुबाको अपमान गरेको छैन : विपिन कार्की



काठमाडौं/विदेशमा आफ्नो बच्चा हुने भएपछि नेपालबाट आमा-बुबालाई बोलाउने प्रचलनजस्तै भइसकेको छ । यसलाई नेपाली समाजमा भने व्यंग्यात्मक रुपमा तेल भिसा भन्ने गरिन्छ । यही नाममा बनेको फिल्म 'तेल भिसा' आगामी मंसिर ७ गतेदेखि प्रदर्शन हुँदैछ । शंकर घिमिरेको लेखन र निर्देशनमा तयार भएको फिल्ममा अभिनेता विपिन कार्कीले बाबु-छोरा गरी दोहोरो भूमिका निर्वाह गरेका छन् ।

आइतबार फिल्मको 'स्वरांकन'का लागि अनामनगरको एक स्टुडियोमा निर्देशक घिमिरेसँग भेटिएका विपिनलाई पत्रकारले भोलिका दिनमा फिल्मको विषय र नामलाई लिएर विवाद त हुँदैन ? भनेर सोधेको प्रश्नमा उनले यो नाम राख्ने विषयमा निर्देशकसँग आफ्नो धेरै छलफल भएको स्मरण गरे । फिल्मले हेपेर बच्चालाई तेल लगाउन आमा-बुबा विदेश गएको भन्न नखोजेको उनी स्पष्ट पार्छन् ।

'हामीले बच्चालाई तेल लगाउन आमा-बुबा विदेश गएको भन्न खोजेका छैनौं । फिल्म हेरि सकेपछि अझ यो कुरा स्पष्ट हुनेछ,' विपिन भन्छन्, 'यो नामले विदेश जाने आमा-बुबालाई अपमान गर्न खोजियो भन्ने लाग्छ भने फिल्म हेरेपछि हामीलाई सही नाम राख्नुभएछ भनेर धन्यवाद भन्नुहुन्छ जस्तो मलाई लाग्छ ।' आफूहरुले सही नियत राखेर 'तेल भिसा' नाममा फिल्म बनाएको उनको दाबी छ ।

त्यस्तै, निर्देशक घिमिरेले फिल्मको कथा प्रस्ट्याउनकै लागि पहिलो गीत 'हरि नाम झैँ' सार्वजनिक गरेको बताए । 'त्यो गीतबाट पनि धेरै कुरा स्पष्ट हुन्छ । फिल्ममा 'नेगेटिभिटी' भन्ने नै छैन,' उनी भन्छन्, 'नेपाली समाजमा व्यंग्यात्मक रुपमा प्रयोग हुने शब्द हो तेल भिसा । फिल्ममा सबै कुरा 'पोजेभिट' छ । कुनै पात्र पनि 'नेगेटिभ' छैन ।' विपिनले पनि फिल्ममा कुनै पात्र भिलेन नरहेको बताए ।

केही दिनदेखि फिल्मको नेपालमा छायांकन भएको भागको मात्र स्वरांकन भइरहेको छ । अमेरिका छायांकनमा भने सिंक साउण्ड (लोकेसन साउन्ड) प्रयोग गरिएको थियो । फिल्ममा विपिन सहित पूजा चन्द, वर्षा राउत, ऋचा घिमिरे, बुद्धि तामाङ, सुचित्रा उप्रेती आदिको पनि अभिनय छ । बुबाको भूमिकामा विपिनको श्रीमती पूजा र तन्नेरी अर्थात् छोराको भूमिकामा वर्षा श्रीमती बनेकी छन् ।

# अर्जुन कुमारको दाबी– 'मैले बनाएको फिल्ममध्ये 'सानो संसार' उत्कृष्ट'



काठमाडौं/सन् २००८ मा 'सानो संसार' शीर्षकमा फिल्म बनेको थियो । यसलाई लभस्टोरीमा एउटा जीवन्त फिल्म मानिन्छ । यही नाम सापटी लिएर एकपटक फेरि फिल्म बनेको छ तर फरक विषयमा । यही शुक्रबार (असोज ११ गते)बाट प्रदर्शनमा आउन लागेको फिल्मले मध्यमवर्गीय परिवारको कथालाई उठाएको छ । 'चपली हाइट' श्रृंखलाका निर्माता अर्जुन कुमारले यो फिल्मको निर्माण गरेका हुन् ।

'सानो संसार' पहिला सिरिज थियो । चार भाग प्रशारण समेत भइसकेको थियो । यो सिरिज हेरेपछि यसमा फिल्म बनाउनुपर्छ भनेर अर्जुनले बाँकी एपिसोड रोक्न लगाए । उनी यो फिल्मप्रति सन्तुष्ट देखिन्छन् । उनी यसलाई आफूले यसअघि बनाएका फिल्ममध्येकै उत्कृष्ट मान्छन् । 'मैले यसअघि जति पनि फिल्म बनाएँ, त्यसमध्ये उत्कृष्टमा 'सानो संसार' पर्छ,' अर्जुनले सोमबार पत्रकारसँग भने ।

उनले यसअघि आफ्ना कुनै फिल्मको प्रिमियर गरेका थिएनन् । 'सानो संसार'को भने प्रिमियर राखिएको छ । यसले पनि फिल्मप्रति निर्माता कुमारको विश्वास देखाउँछ । उनी भन्छन्, 'यसअघि मैले कुनै फिल्मको प्रिमियर गरेको थिइनँ । पहिलो पटक यसको गर्दैछु । फिल्म राम्रो छ भनेपछि नै मलाई प्रिमियरको आँट आएको हो । सेन्सरका सदस्यहरु समेत फिल्म हेर्दा भावुक हुनुभएको थियो ।'

उनलाई 'सानो संसार' जस्ता फिल्म दशकौंका एउटा बन्छ भन्ने लाग्छ । 'मेकर भएपछि फरक-फरक जनरामा फिल्म बनाउनुपर्छ । यो फिल्म मैले किन बनाएँ भने यसमा मैले आफ्नै कथा देखें,' उनी भन्छन्, 'यस्ता खालको कथामा दशकौंपछि एउटा फिल्म बन्छ, जसले धार परिवर्तन गर्छ । 'सानो संसार' त्यस्तो फिल्म हो । र, यो फिल्म जसले हेर्छ, उसले आफूलाई पाउँछ । यो मेरो दाबी हो ।'

'सानो संसार'की प्रमुख कलाकार सीतादेवी तिमल्सिनालाई पनि फिल्म हेर्दा दर्शकले आफ्नै कथा पाउँछन् भन्ने लाग्छ । मध्यमवर्गीय परिवारको कथामा फिल्म बनेको र नेपालमा यो वर्ग ठूलो संख्यामा रहेकाले कुनै न कुनै पार्टले छुने उनको दाबी छ । मध्यमवर्गीय परिवारको कस्ता आवश्यकता हुन्छन् र त्यो पूरा गर्ने क्रममा कस्ता समस्या आउँछन् भन्ने कुरा फिल्मले देखाउने उनको भनाई छ ।

फिल्ममा सीतादेवीकी छोरीको भूमिकामा अभिनय गरेकी नव-अभिनेत्री अञ्जसा रिजाल यसमा हरेक घरमा मिल्ने कथा रहेको दाबी गर्छिन् । उनी आफ्नो चरित्रबारे भन्छिन्, 'मेरो चरित्रले धेरै उद्देश्य बोकेको छ । उसको विदेश जाने सपना छ । अहिलेको समयमा बाहिर जाने थुप्रै युवाको सपना हुन्छ । त्यसको प्रतिनिधित्व फिल्ममा मेरो पात्रले गरेको छ । फिल्मको कथा एकदमै 'रिलेडेड' छ ।'

अर्की अभिनेत्री अनु दाहाललाई आफ्नो चरित्रमा युवापुस्ताले 'रिलेट' गर्ने विश्वास छ । 'फिल्ममा म परिवारको जेठी छोरी हुँ । यसमा छोरा पनि छ तर ऊ हराएको हुन्छ । त्यसपछि मेरो 'क्यारेक्टर'ले परिवारको जिम्मेवारी उठाएपछि बुबा-आमा र सन्तानबीच भिन्नता आउँछ,' उनी भन्छिन्, 'फिल्ममा काम गर्दा यो कुरा म आफैंले पनि 'रिलेट' गरेको हुँ । मजस्तो धेरै युथले यसमा 'रिलेट' गर्नुहुनेछ ।'

सिद्धार्थ पुडासैनीको डेब्यु निर्देशनमा तयार भएको यो फिल्ममा राज पंगेनी शर्मा, शिशिर सिवाकोटी, सरिता भण्डारी, जीवन गौतम लगायतको पनि अभिनय छ । फिल्ममा माधव वाग्ले कार्यकारी निर्मातामा छन् । सरिष्मा खत्री र निर्देशक पुडासैनीको लेखन रहेको फिल्ममा प्रवीन खड्काको छायांकन एवं रोमी तन्डुकारको सम्पादन छ । फिल्मको ट्रेलरलाई युट्युबमा दर्शकले रुचाइरहेका छन् ।

# १० कक्षासम्मका प्राविधिक शिक्षा बन्द गर्न सुझाव

काठमाडौं/प्राविधिक शिक्षातर्फ आकर्षित गर्न भन्दै अहिले देशका विभिन्न विद्यालयले ९/१० कक्षादेखि कक्षा चलाइरहेका छन् । त्यसमा सबैभन्दा बढी 'सिभिल इञ्जिनियरिङतर्फ आकर्षण छ । प्रि डिप्लोमाअन्तर्गत १० कक्षासम्म १८ महिना विद्यार्थीले प्राविधिक शिक्षा पढ्छन् ।

तर, कक्षा १० अर्थात् एसईई पास भइसकेका विद्यार्थीले माथिल्लो कक्षामा प्राविधिक शिक्षातर्फ नै डिप्लोमा गर्न चाहेमा फेरि पुरानै पाठ्यक्रम दोहोर्याउनुपर्ने अवस्था छ । १० कक्षा पास गरेर आएका नयाँ विद्यार्थीसँग उनीहरुले फेरि पाठ्यक्रम दोहोर्याउनुपर्दा यसले प्रतिफलभन्दा बढी विद्यार्थीको समय खेर गइरहेको सरोकारवालाले आवाज उठाउँदै आएका छन् ।

अहिले शिक्षा तथा मानव स्रोत विकास केन्द्रको स्वीकृतिमा ९ देखि १२ कक्षासम्म प्राविधिक शिक्षा सञ्चालन भइरहेका छन् । त्यसबाहेक मूलधारको शिक्षाको विकल्पमा ल्याइएको प्राविधिक शिक्षाले बजार मागअनुसार पढाइ नहुँदा रोजगार भन्दा बढी बेरोजगार युवा उत्पादन गरिरहेको पनि प्राविधिक शिक्षा तथा प्राविधिक तालिम परिषद् (सीटीईभीटी)ले आरोप खेप्दै आएको छ ।

एकातिर बजारको माग अध्ययनबिनै पढाइ हुने अर्कातिर समयानुकूल पाठ्यक्रम नहुँदा प्राविधिक शिक्षामाथि नै सरोकारवालाले प्रश्न उठाउँदै आएका थिए । पढाइ उपलब्धिमूलक नहुँदा विद्यार्थीको आकर्षण बढ्नुको साटो घट्दै गएको उनीहरुको आरोप थियो ।

अघिल्लो आर्थिक वर्षमा कास्कीको माछापुच्छ्रे गाउँपालिकाले पालिकाभित्रका युवालाई प्राविधिक शिक्षातर्फ आकर्षित गर्न पहिलो चरणमा १८ जनालाई सित्तैमा पढाउने र मासिक २० हजार रुपैयाँ पनि दिने गरी योजना ल्याएको थियो । तर, सित्तैमा पढाउँदासमेत पालिकाले युवाहरुलाई आकर्षित गर्न सकेन ।

सरकारले मात्रै होइन, प्रदेश तथा पालिकाहरुले पनि सीटीईभीटीको पाठ्यक्रमअनुसार प्राविधिक शिक्षा पढाउन वार्षिक रुपमै बजेट पनि छुट्याउँदै आएका छन् । तर, उपलब्धि भने शून्यजस्तै छ ।

मूलधारको शिक्षाको विकल्पमा ल्याइएको प्राविधिक शिक्षामा देखिएका समस्या अध्ययन समाधान खोज्न सरकारले साउन २२ गते शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका पूर्वसहसचिव डा लेखनाथ पौडेलको संयोजकत्वमा ५ सदस्यीय कार्यदल गठन गरेको थियो ।

गठित 'प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको पाठ्यक्रम सुधारसम्बन्धी अध्ययन' कार्यदलले सोमबार शिक्षा, विज्ञान तथा प्रविधि विद्या भट्टराईलाई आफ्नो प्रतिवेदन बुझाएको छ । भदौ ५ गतेबाट कार्य थालेको कार्यदलले एक महिनामा प्रतिवेदन बुझाएको हो । प्रतिवेदनले ९ र १० कक्षामा सञ्चालन गरिएका प्राविधिक शिक्षा उपलब्धिमूलक नभएको निष्कर्ष निकालेको छ ।

१० कक्षामुनि औसतमा १३/१४ वर्षका बालबालिका पढ्ने र उनीहरुलाई पढाइने प्राविधिक शिक्षाले उपलब्धि नदेखिएको कार्यदलका सदस्य विनोद बडाल बताउँछन् । 'कलिलो उमेरका बालबालिकालाई प्राविधिक शिक्षाका नाममा काम गराउनु उपयुक्त हुँदैन । त्यो उमेर समूह भनेको कम्तिमा आफ्नो भविष्यको पेशा व्यवसायबारे जानकारीमात्रै लिने उमेर हो', उनी भन्छन्, 'बरु १० कक्षापछि नै प्राविधिक शिक्षालाई जोड दिँदा व्यवहारिक हुने देखियो ।'

प्राविधिक धारतर्फ १८ महिने प्रि-डिप्लोमा पढिसकेपछि पनि डिप्लोमा पुरानै पाठ्यक्रम पढ्नुपर्ने बाध्यता हटाउन पनि आफूहरुले सुझाव दिएको बडालले बताए । 'पछि डिप्लोमा पुग्नेबेलासम्म उनीहरुले एक लेबलको आफ्नो ज्ञान बढाइसकेका हुन्छन् । उनीहरुले समयको अतिरिक्त भार खेप्नु नपरोस् भनेर कम्तीमा ६ महिना समयावधि कम हुनुपर्ने सुझाव दिएका छौं', उनले भने ।

एसईईमा ननग्रेड ल्याएका विद्यार्थीलाई पनि मूलधारको शिक्षा बराबरकै मान्यताअनुसार प्राविधिक शिक्षा पढ्न पाउने गरी व्यवस्था गर्न पनि प्रतिवेदनले भनेको कार्यदल सदस्य बडालले बताए । यो पटकको एसईईमा ननग्रेड नतिजा ल्याएका करिब एक लाख विद्यार्थीलाई प्राविधिक शिक्षामा जोड्न सकिने उनको भनाइ छ । 'ननग्रेड ल्याएका विद्यार्थीलाई पनि शिक्षाको मूल प्रवाहमा ल्याउन पनि प्राविधिक शिक्षाको महत्व छ', उनी भन्छन् ।

त्यस्तै, प्रतिवेदनले प्राविधिक शिक्षासम्बन्धी केही नीतिगत सुधारका लागि पनि सुझाव दिएको छ । प्राविधिक शिक्षाको पाठ्यक्रम प्रारुप फेर्नुपर्ने, प्राविधिक शिक्षालाई उपलब्धिमूलक बनाउन व्यवसायी, रोजगारदाताहरुसँगको समन्वयमा कार्यक्रमहरु सञ्चालन गर्ने लगायत सुझाव दिएको बडालले संचारकर्मीलाई बताए । 'तालिम दिनेमात्रै होइन, त्यसको कार्यान्वयन पनि हुनुपर्ने पनि हामीले सुझाव दिएका छौं', उनले भने । *(स्रोत: अनलाइनखबर)*

# सञ्चालकले बचत फिर्ता गरे सहकारी ठगीमा मुद्दा नचल्ने

काठमाडौं/सहकारी ठगीमा संलग्नहरुले मुद्दा दायर हुनुअघि तिर्नुपर्ने साँवा ब्याज भुक्तानी गरेमा मुद्दा नचल्ने भएकोछ । महान्यायाधिवक्ता कार्यालयले यसअघि चेक अनादर र केही बैंकिङ कसुरमा अभ्यास भइरहेको मिलापत्रको अवधारणालाई सहकारी ऐन अन्तर्गतको कसुरमा पनि कार्यान्वयन गर्ने निर्णय गरेको हो ।

महान्यायाधिवक्ता रमेश बडालले नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा मिलापत्र गर्ने आदेश गर्दा अपनाउनुपर्ने मापदण्ड, २०८० अनुसार सहकारीको हकमा पनि मिलापत्रको व्यवस्था कार्यान्वयन गर्न निर्देशन भएको बताए ।

'सहकारीसम्बन्धी छानविन विशेष समितिको प्रतिवेदनमा पनि पीडितलाई सक्दो छिटो न्याय दिलाउनु महत्वपूर्ण हुने भनी त्यसतर्फ नीतिगत रुपमा सम्बोधन गर्न सिफारिस भएको रहेछ' बडालले भने, 'पीडितले छिटो न्याय पाउने अवस्थामा मुद्दामामिला लम्ब्याउनु भन्दा मिलापत्र गराउने उद्देश्यले यस्तो व्यवस्था गरिएको हो ।'

यो व्यवस्था जुनसुकै सहकारी ठगीको घटनामा पनि लागु हुनेछ । जिल्ला प्रहरी कार्यालय कास्कीले सूर्यदर्शन सहकारी ठगीको आरोपमा अनुसन्धान गरिरहेको छ । महान्यायाधिवक्ता कार्यालयले गरेको निर्णय अनुसार सूर्यदर्शन सहकारीबाट गोर्खा मिडियामा प्रवाह भएको रकम आरोपितले पीडितहरुलाई बुझाएमा मुद्दा नचल्ने निर्णय हुनसक्छ ।

तर सहकारी ठगीको आरोप लागेकाहरुले पीडितले रकम पाउने सुनिश्चितता भने गर्नुपर्नेछ । सामूहिक दायित्व भएको विषयमा भने प्रत्यक्षको हिस्सा कति पर्छ भन्ने स्पष्ट नभएकाले रकम भुक्तान गर्न समस्या हुने देखिन्छ । महान्यायाधिवक्ता बडालले भने, 'कुनै आरोपितको हकमा विगो किटिएको छैन भने के कति आधारमा रकम भुक्तान गर्ने भन्ने विषय अन्यौलमै छ ।'

# हरिनी अमारासूर्या बनिन् श्रीलंकाको नयाँ प्रधानमन्त्री

काठमाडौं/नेशनल पिपुल्स पावर (एनपीपी) की सांसद डा. हरिनी अमरासूर्या श्रीलंकाको नयाँ प्रधानमन्त्री नियुक्त भएकी छन् । उनले मंगलबार नै राष्ट्रपति अनुरा कुमारा दिशानायकेसँग पद तथा गोपनीयताको शपथ लिएकी छन् ।

शनिबार सम्पन्न राष्ट्रपति निर्वाचन वामपन्थी दिशानायकेले जितेका थिए । उनले सोमबार शपथ लिएलगत्तै प्रधानमन्त्री दिनेश गुणवर्धनेले राजीनामा दिएका थिए ।

२२५ सदस्यीय संसदमा एनपीपीका डा. अमरासूर्यासँगै विजिथा हेराथ र लक्ष्मण निपुण अराच्ची मात्र सांसद थिए ।

राष्ट्रपति दिशानायकेले अमरासूर्यालाई प्रधानमन्त्री र हेराथलाई मन्त्री नियुक्त गरेका छन् । साथै उनले आजै मध्यरातबाट संसद भंग गर्ने श्रीलंकाली सञ्चार माध्यमहरुले जनाएका छन् । रक्षा, अर्थसहितका मन्त्रालय राष्ट्रपति दिशानायकेले आफैंसँग राखेका छन् । प्रधानमन्त्री अमरासूर्यालाई शिक्षा, विज्ञान र प्रविधि लगायतका मन्त्रालय दिइएको छ भने विदेश मामिलासहितका मन्त्रालय हेराथलाई दिइएको छ ।

**को हुन् अमारासूर्या ?**

कोलम्बोकी ५४ वर्षीया अमारासूर्याले एडिनबर्ग विश्वविद्यालयबाट विद्यावारिधी गरेकी छन् । उनी महिला अधिकारकर्मीसमेत रहेकी उनी प्राध्यापनमा पनि संलग्न थिइन् ।

# आजको दुनियाँ....

बहुध्रुवीय प्रणालीलाई एकध्रुवीय वा द्विध्रुवीय प्रणालीको तुलनामा कम स्थिर रूपमा लिइन्छ । बहुध्रुवीय व्यवस्थामा एउटा राज्य अर्कोमा हाबी हुन नसकोस् भनेर महाशक्तिहरू गठबन्धन वा समूहहरू बनाउँछन् । फलतः निरन्तर मुख्य शक्तिहरूका चासोका आधारमा विभिन्न समूहका गठन र पुनर्गठन भइरहेका हुन्छन् । द्विध्रुवीय व्यवस्थामा दुई महाशक्तिहरूले मूल रूपमा एकले अर्कोलाई सन्तुलनमा राखेका हुन्छन् । उनीहरूमा आफ्नो प्रधान दुश्मन को हो भन्नेबारे कुनै द्विविधा हुँदैन । त्यसैले हामीले जर्मनीको रणनीतिक पत्र गलत छ भन्ने आशा गर्नुपर्ने हुन्छ ।

ध्रुवीयताले व्यापरमा पनि अर्थ राख्छ । मोर्गन स्टान्ली र इन्सिडले आफ्ना ग्राहक र विद्यार्थीलाई बहुध्रुवीय विश्वका लागि तयार गरि रहेका छन् । तर द्विध्रुवीय विश्वमा बहुध्रुवीय विश्वका रणनीतिहरू उपयोग गर्नु धेरै महँगो गल्ती साबित हुन सक्छ । व्यापार र लगानीको बहाब फरक ध्रुवीय परिस्थितिमा फरक प्रकृतिको हुन्छ । द्विध्रुवीय प्रणालीमा दुई महाशक्तिहरू सापेक्षिक लाभबारे धेरै चासो गर्छन्, जसले थप विभाजित र ध्रुवीकृत आर्थिक व्यवस्था निर्माण गर्छ । हरेक खालका व्यवस्थाका आफ्नै भूराजनीतिक जोखिम हुन्छन् । कारखाना कहाँ खोल्ने भन्नेबारे गलत रणनीति लिन पुग्दा त्यसले ठुलो क्षति गराउँछ ।

दोस्रो कारण– द्विध्रुवीय दुनियाँमा बसेर बहुध्रुवीय दुनियाँको वकालत गर्दा आफ्ना मित्र र दुश्मन दुवैमा गलत सूचना र संकेत प्रवाह हुन्छ । गएको अप्रिलमा आफ्नो चीन भ्रमणका क्रममा फ्रान्सका राष्ट्रपति म्याक्रोनले व्यक्त गरेको धारणाले ल्याएको हलचलले यो कुरालाई राम्रोसँग चित्रण गर्छ ।

*(साभार: रातोपाटी)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com



# मन्त्रालयको कार्यस्थलमै शिशुको हेरचाहा

प्रतिक्षा न्यौपाने

हेटौंडा, ८ असोज/ बागमती प्रदेशका कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका कानूनअधिकृत राजेस तामाङले पारिवारिक जिम्मेवारी र पेशागत दायित्वबीच सन्तुलन कायम गर्ने उदाहरण प्रस्तुत गरेका छन् । तामाङले आफ्नो कार्यालयमा काम गर्दैगर्दा छोराको स्कूल पछिको समयमा पनि ध्यान दिइरहेका छन् ।



तामाङको यो कदमले समाजमा बालबालबालिकाको हेरचाह गर्ने जिम्मेवारी केवल महिलाको मात्र हो भन्ने परम्परागत धारणालाई चुनौती दिएको छ । यसले पुरुष पनि शिशुस्याहारमा सक्रिय भूमिका निर्वाह गर्न सक्छन् र गर्नुपर्छ भन्ने सन्देश दिएको छ । राजेश कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कानुन अधिकृत हुन् । उनकी श्रीमती, माइती नेपालमा कार्यरत् छिन् । दुबै जना जागिरे भएका कारण बालबालिकालाई हेरचाहमा सामान्य समस्या पर्ने नै भयो ।

उनीहरुको बालबालिका दुईवटा छन् । जेठी छोरी ८ कक्षामा पढ्ने भएकोले उनी आफ्नो विद्यालयमा अध्ययन गर्ने घर जाने समय आफैं ब्यवस्थापन गर्न सक्छिन् । मन्त्रालयमा तामाङको कार्यकक्षमा सुतिरहेका छोरा ज्ञानोदय बालबाटिका स्कुलको शिशु कक्षामा पढ्न थालेका छन् । तामाङको घर हेटौंडा-२ मनकामनाचोक हो । दिउँसो साढे २ मा विद्यालयले शिशुकक्षाका विद्यार्थीलाई विदा दिन्छ । त्यसपछि राजेशले आफ्नो बाबुलाई आफ्नो कार्यकक्षमा ल्याएर राख्ने गरेका छन् ।

मन्त्रालयबाट छुट्टी भएर ५ बजेपछि मात्रै राजेशले आफनो बाबुलाई घर लैजाने गरेका छन् । मन्त्रालयमा काम गर्दागदै उनी छोरालाई लिन करिब १ किलोमिटर परको विद्यालय पुग्छन् । बालकलाई कार्यालयमा ल्याएर खाजा खुवाउने र हेरचाह गर्ने गर्छन् । पहिलो सन्तान छोरी पनि यसैगरी हुर्काएको उनको भनाई छ । उनको नाबालक छोरा बाबुसँगै कार्यालयमा बस्न रुचाउने गरेको राजेश बताउँछन् । तामाङको यो कदमले कार्यस्थलमा लैंगिक समानता, कामकाजी जीवन र पारिबारिक जीवन सन्तुलनको महत्वलाई उजागर गरेको छ ।

यसले सरकारी कार्यालयमा पारिवारिक जिम्मेवारीप्रति संवेदनशील वातावरण निर्माण गर्न सकारात्मक उदाहरण प्रस्तुत गरेको छ । यसबाट मन्त्रालयको कामको 'ईफिसेन्सी' मा कुनै कमी हुन नदिएको राजेश बताउँछन् । बिगतका दिनमा संयुक्त परिवारमा रहँदा बालबालिकाको हेरचाहमा खासै समस्या आउने गरेको थिएन तर, पछिल्ला दिनमा एकात्मक परिवारको संख्या बढ्दो क्रममा रहेका कारण बिशेषगरी शिशुअवस्थामा बालबालिका हुर्काउन निकै कठिन अवस्था आइरहेको छ ।

# लेकाली बसिफाँटका विद्यार्थीलाई एसबिआई बैंकको सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, ८ असोज/ भीमफेदी गाउँपालिका-९ मा रहेको लेकाली बसिफाँट माध्यमिक विद्यालयका विद्यार्थीलाई शैक्षिकसामग्री वितरण गरिएको छ । नेपाल एसबिआई बैंकले संस्थागत सामाजिक उत्तर दायित्व कार्यक्रम अन्तर्गत विद्यार्थीलाई शैक्षिकसामग्री प्रदान गरेको बैंकले जनाएको छ ।

बैंकले विद्यार्थीलाई झोला, कपी, पेन्सील, ज्यामिति बक्ससहित दुई लाख रुपैयाँ बराबरको शैक्षिकसामग्री वितरण गरेको बैंकका नायव प्रमुखकार्यकारीअधिकृत राजेशकुमार पाण्डाले जानकारी दिए । एसबीआई बैंकका प्रबन्धक सिइओ दीपककुमार डेको प्रमुख आतिथ्यता भएको कार्यक्रममा नायव प्रमुख कार्यकारीअधिकृत पाण्डा, प्रमुख संचालक अधिकृत यादवेन्द्र कान्त, प्रमुख जोखिम व्यवस्थापन अधिकृत बिष्णुदेव यादव, विद्यालयका प्रधानाध्यापक लड्डुलाल मण्डल लगायत शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक अभिभावक संघका पधाधिकारीको उपस्थिति थियो ।

शैक्षिक सामग्री वितरण गरेर विद्यार्थीलाई पढाइमा प्रोत्साहन गर्न बैंकले गरेको सहयोगप्रति विद्यालय व्यवस्थापन समिति अध्यक्ष बिनोद लामाले धन्यावद दिए । अध्यक्ष लामाले यस किसिमको सहयोगले सामुदायिक विद्यालयको गुणस्तरवृद्धिमा सहयोग मिल्ने बताए । प्रमुखअतिथि बैंकका प्रवन्धक डेले विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गर्दा अध्ययन जारी राख्न सहयोग पुग्ने विश्वास व्यक्त गरे । विद्यालय व्यवस्थापन समिति अध्यक्ष लामाको अध्यक्षतामा कार्यक्रम भएको थियो ।

# विपद् जोखिम न्यूनीकरणमा तीन तहको साझा दायित्व

साझाकुरा संवाददाता

हेटौंडा, ८ असोज/ विपद् जोखिम न्यूनीकरणका लागि हेटौडामा सोमबार भएको स्थानीयकरण र सुशासन विषयक छलफलमा सहभागी सरोकावारवालाले विपद् न्यूनीकरणमा तीन तहको सरकारको उत्तिकै दायित्व हुनुपर्ने बताएका छन् ।

विपद् जोखिम न्यूनीकरणका लागि संघ, प्रदेश र स्थानीय सरकारले संयुक्त योजना बनाएर अघि बढ्नुपर्ने सरोकारवालाले बताएका छन् । बागमती प्रदेश सरकारका श्रम, रोजगार तथा यातायात मन्त्री प्रेमभक्त महर्जनले विपद् जोखिम न्यूनीकरण गर्नु पूर्वतयारी आवश्यक रहेको बताएका छन् । उनले तीन तहको सहरका बीचमा सहकार्य, समन्वय गर्दै विपद् न्यूनीकरणमा लाग्नुपर्ने धारणा राखे ।

कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानले विपद्सँगै अवसर र चुनौती सिर्जना हुने गरेको बताए । उनले विगत सम्झँदै भुकम्पका कारण पुनर्संरचना हुँदा नयाँ विद्यालय भवन बनेको र कोरोना पश्चात अस्पताल थपिएको बताए । विपद् न्यूनीकरणमा स्थानीयतहमा सहकार्य र समन्वय हुनुर्नेमा उनले जोड दिए ।

मकवानपुरका प्रमुख जिल्ला अधिकार तीर्थराज चिलुवालले जिल्लामा बाढी, पहिरो, आगलागी जस्ता विपद् न्यूनीकरण गर्न आवश्यक समन्वय गरिरहेको बताए । राष्ट्रिय प्रकोप व्यवस्थापन सञ्जाल नेपाल, विपद् पूर्वतयारी सञ्जाल नेपाल, ग्रामीण समाज कल्याण संघ नेपालको आयोजना एवम् गैसस महासंघ जिल्ला शाखा मकवानपुरको व्यवस्थापनमा विपद् जोखिम न्यूनीकरणका लागि स्थानीयकरण र विपद् सुशासन अभिबृद्धि विषयमा बागमती प्रदेशस्तरीय छलफल भएको हो ।

गैरसरकारी संस्था महासंघ मकवानपुर अध्यक्ष रमिला सापकोटाको सभाध्यक्षतामा भएको कार्यक्रममा आन्तरिक मामिला तथा कानुन मन्त्रालयका विपद् व्यवस्थापन महाशाखा प्रमुख सुरेश खनाल, जीतराम लामा, गैससका पूर्वकोषाध्यक्ष सूर्यबहादुर थापालगायतले बोलेका थिए । कार्यक्रम गैरसरकारी संस्था महासंघ मकवानपुर शाखासचिव सन्तोष पौडेलले संचालन गरेका थिए ।

# मकवानपुरमा डेंगुका २४ र स्क्रब टाइफस्का ३ जना बिरामी भेटिए

साझाकुरा संवाददाता

हेटौंडा, ८ असोज/ मकवानपुरमा पछिल्लो २४ घण्टामा २४ जना डेंगु संक्रमित बिरामी र ३ जना स्क्रब टाइफस्का बिरामी भेटिएको जनस्वास्थ्य कार्यालयले जनाएको छ ।

जनस्वास्थ्य कार्यालय मकवानपुरका अनुसार, यो अवधिमा हेटौंडा उपमहानगरपालिकामा २० जना, मकवानपुरगढी गाउँपालिकामा एकजना, मनहरी गाउँपालिकामा एकजना र अन्य जिल्लाका दुईजना गरी २४ जना डेंगु संक्रमण पुष्टि भएको हो । यसैगरी, सोही अवधिमा हेटौंडा उपमहानगरपालिकामा एकजना र मकवानपुरगढी गाउँपालिकामा दुईजना गरी ३ जनाम स्क्रब टाइफस्का बिरामी भेटिएको स्वास्थ्य कार्यालय जनाएको छ ।

मंगलबार थपिएसँगै जिल्लामा डेंगु संक्रमितको कुल संख्या ३ सय ३५ पुरुष र ३ सय १ महिला गरी ६ सय ३६ जना पुगेको छ । स्क्रब टाइफस्का बिरामी ८० पुरुष र १५९ महिला गरी २३९ जना पुगेको छ । यो तथ्यांक गत साउन महिनादेखि मंगलबारसम्मको हो ।

# एनएमबि बैंकको खेतीकर्जा बागमती गाउँपालिकामा

साझाकुरा संवाददाता

हेटौंडा, ८ असोज/ एनएमबि बैंक लिमिटेड, डिभी एक्सेलस प्रालि (खेतीएप) र मकवानपुरको बागमती गाउँपालिकाबीच सम्झौता भएको छ । गाँउपालिकामा रहेका किसान तथा कृषिब्यवसायमा संलग्न ब्यक्तिलाई एनएमबि डिजिटल कर्जा (खेतीकर्जा) प्रवाह गर्ने सम्बन्धमा त्रिपक्षीय सम्झौता भएको हो ।

सम्झौतापत्रमा बैंकको तर्फबाट लघुवित्त तथा एमएसएमई प्रमुख डा. बुद्धि मल्ल, डिभी एक्सेलसका तर्फबाट सह-संस्थापक न्यूराज कार्की र गाँउपालिका अध्यक्ष सर्केश घलान 'मधु' ले हस्ताक्षर गरेका छन् । एनएमबि बैंक र डिभी एक्सेलस प्रालिबीच खेतीएपमार्फत किसान तथा कृषिव्यवसायमा संलग्न ब्यक्तिलाई पूर्णरुपमा डिजिटल कर्जा प्रदान गर्नको लागि सम्झौता भएको हो ।

सम्झौताबमोजिम एनएमबि खेतीकर्जा प्रदान गर्दै आइरहेको बागमती गाउँपालिकाले कृषिब्यवसायमा संलग्न ब्यक्तिलाई डिजिटल कर्जामार्फत उनीहरुलाई कर्जा लगानी सहज बनाएर कृषकको आर्थिक अवस्था सुदृढ गर्नको लागि तीनै वटा संस्था मिलि वित्तीयसाक्षरता कार्यक्रम संचालन गर्ने, ऋण प्राप्त गर्न योग्य किसानलाई कर्जाको लागि सहजीकरण गर्ने, ऋणीलाई अन्य बिभिन्न खालका परामर्श सेवाप्रदान गर्ने तथा कर्जा असुलीमा पनि सहयोग गर्ने जस्ता विषयमा सहमति भएको बताइएको छ ।

कार्यक्रममा गाँउपालिका अध्यक्ष घलानले किसानलाई कृषि व्यवसायमा उत्प्रेरित गर्नको लागि विभिन्न कार्यक्रम गरिरहेको र आफूले भरसक अझै बढी सहयोग गरेर कृषि व्यवसायलाई आधुनिकीकरण गर्ने र कृषिव्यवसायद्वारा ऋणीलाई वित्तीय अनुशासनमा रहेर व्यवसाय गर्न लगाई एउटा उदाहरणीय गाउँपालिका बनाउने प्रतिबद्धता ब्यक्त गरेका थिए । कार्यक्रममा गाउँपालिका उपाध्यक्ष फणिन्द्र तिमल्सिना, वडाअध्यक्षहरु, कृषिअधिकृत लगायत अन्य अधिकृतको उपस्थिति रहेको थियो । अघिल्लो वर्ष बागमती र गण्डकी प्रदेशमा सुरु गरिएको एनएमबि खेतीकर्जा अब छिट्टै देशभर पुऱ्याउने तयारीमा लागिएको बताइएको छ ।


**हेटौंडा उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**आर्थिक विकिस महाशाखा (कृषि विकास शाखा)**
**हेटौंडा, मकवानपुर**

## अनुदान कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हान सम्बन्धी सूचना

*(प्रथम पटक सूचना प्रकाशित मिति: २०८१।०६।०९ गते)*

हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखाको आ.व.२०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलका कार्यक्रमहरु साझेदारीमा सञ्चालन गर्न उपमहानगरपालिका क्षेत्र भित्रका ईच्छुक कृषि फर्म, कृषक समूहहरु तथा कृषि सहकारी संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति: २०८१।०६।२३ गते) भित्रमा कार्यालय समयमा आवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगी वा म्याद नाघि प्राप्त भएका निवेदन उपर कुनै कारवाही गरिने छैन ।

**तपशिल**

| क्र.सं. | कार्यक्रमको नाम | बजेट | साझेदारी प्रतिशत | साझेदार संस्था/आवेदक | कैफियत |
|---|---|---|---|---|---|
| १ | कृषिमा युवा लक्षित कार्यक्रम | १०,००,०००/- | ३० प्रतिशत | कृषक, कृषि फर्म/कृषक समूह/कृषि सहकारी | |
| २ | अकवरे खुर्सानी, प्याज, लसुन, कागती खेती प्रबर्द्धन कार्यक्रम | १०,००,०००/- | ३० प्रतिशत | कृषक, कृषि फर्म/कृषक समूह/कृषि सहकारी | प्याज र लसुन खेतीलाई प्राथमिकता |
| ३ | साना सिंचाई कार्यक्रम | १५,००,०००/- | ३० प्रतिशत | कृषि फर्म/कृषक समूह/कृषि सहकारी, उपभोक्ता समिति | |
| ४ | अदुवा, बेसार, पिडालु, सखरखण्ड तथा तरुल प्रबर्द्धन कार्यक्रम | ५,००,०००/- | ३० प्रतिशत | कृषक, कृषि फर्म/कृषक समूह/कृषि सहकारी | |
| ५ | च्याउ खेती प्रबर्द्धन कार्यक्रम | ५,००,०००/- | ३० प्रतिशत | कृषक, कृषि फर्म/कृषक समूह/कृषि सहकारी | |
| ६ | कृषि यान्त्रिकरण प्रबर्द्धन कार्यक्रम | १५,००,०००/- | ५० प्रतिशत | कृषक, कृषि फर्म/कृषक समूह/कृषि सहकारी | |

**आवश्यक कागजातहरु:**
१. निवेदन , हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखामा निवेदन दिनुपर्नेछ ।
२. संस्थाको हकमा दर्ता गरेको प्रमाणपत्रको प्रतिलिपि (नवीकरण सहित), कर चुक्ता र कार्यक्रममा सहभागी हुने सदस्यहरुको नागरिकताको प्रतिलिपि ।
३. संस्थाको स्थाई लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि र लेखा परीक्षण प्रतिवेदन ।
४. कार्यक्रम माग गर्ने संस्थाको बैठकको निर्णयको प्रतिलिपि ।
५. प्रस्ताव अनुसारको लागत अनुमान ।
६. सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र ।
७. दोहोरो अनुदान नलिएको स्व-घोषणा पत्र ।

(**नोट:** विगत ३ वर्ष देखि कुनै पनि संघ प्रदेश तथा स्थानिय सरकार बाट सम्बन्धित शीर्षकमा अनुदान नलिएको हुनुपर्नेछ । निबेदन फारम प्राप्त गर्न तथा अन्य कुराहरु बुझ्नु परेमा हेटौंडा उपमहानगरपालिकाको कार्यालय, कृषि विकास शाखामा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ ।)

**हेटौंडा उपमहानगरपालिका,**
**नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखा, हेटौंडा**
सम्पर्क मो. ९८६१२३६२०६, ९८४६४०६९८३, ९८४५०१६४११



सूचना ! सूचना !! सूचना !!!
अब किन जानु पऱ्यो विदेश ?
हामी कहाँ आउनुस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नुस्
७०% बैंकिङ सुविधा



हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।
आजै सम्पर्क गर्नुहोस्
Singhababahini Moto Corp Pvt. Ltd.
९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५



सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३



असोज ७ गतेबाट तपाईंको सेवामा
DFSK EC 36
" हाम्रो सुमो सेवाको नौलो प्रस्तुती "



हाम्रो ई.भी. सेवा
हेटौंडा-कुलेखानी-फाखेल-काठमाण्डौं-हेटौंडा-ठिङ्गन-सातदोबाटो
काठमाडौं काउन्टर:- ०१-५४०४४४५, ९८५५०७८४७८
हेटौंडा काउन्टर:- ०५७-५२१४२१, ९८५५०७८३७८
सानेपा पुरानो स्टार हस्पिटलसँगै बल्खु पुलपारी
मुख्य कार्यालय, हेटौंडा :- ०५७-५९१०४०
पुरानो मकवानपुररोड
सुरक्षित एवं भरपर्दो यात्राको लागि हाम्रो ई.भी. सेवालाई सम्झनुहोस ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना